# नेपाल सरकारद्वारा सञ्चालन भएका आयोजनाहरुमा निर्माण कार्यको ठेक्का व्यवस्थापनको अवस्था अध्ययन तथा विश्लेषण

(२०७५ माघ)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

# निर्माण कार्यको ठेक्का व्यवस्थापनको अवस्था अध्ययन तथा विश्लेषण

## विषय प्रवेश

नेपाल सरकारबाट सालबसाली रुपमा पूर्वाधार विकास योजनाहरुमा नेपाल सरकारका विभिन्न मन्त्रालय एवं विभागबाट अरवौं रुपैयाका ठेक्का सम्झौता भई कार्यान्वियन हुंदै आइरहेको छ। ठेक्का सम्झौता कार्यान्वियनको हालसम्मको स्थितीलाई हेर्ने हो भने पूर्वाधार निर्माणका लागि राज्यले गरेको लगानीको प्रतिफल सन्तोषजनक रुपमा हासील भएको देखिदैंन। हरेक दिन पत्रपत्रिका/अनलाइन संचारमाध्यम र सरकारी अनुगमन आदिबाट पूर्वाधार विकासका आयोजनाहरु लथालिङ्ग अवस्थामा भएका, समयमा सम्पन्न नभएका, निर्माण भएका संरचनाहरु पनि गुणस्तरयुक्त नभएका, विवाद भई काम अलपत्र परेका जस्ता विविध जनगुनासाहरु आइरहेको देखिन्छ। यस्ता समस्याहरुको तथ्यगत पहिचान तथा विश्लेषण गरी सार्वजनिक निर्माणमा देखिएका समस्या एवं वेथितिहरु निमिट्यान्न पार्दै सुशासन कायम गर्न जरुरी भइसकेकोले आयोगले नेपाल सरकारद्वारा विभिन्न विषयगत मन्त्रालय अर्न्तगत संचालनमा रहेका आयोजनाहरुको समग्र ठेक्का व्यवस्थापनको अवस्था अध्ययन तथा विश्लेषण गरेको छ।

## अध्ययन तथा विश्लेषणको उद्देश्य

- विकास निर्माणसँग सम्बन्धित मन्त्रालय अर्न्तगत सञ्चालित आयोजनामा गरिएका ठेक्का सम्झौता कार्यान्वियनको अवस्था अध्ययन गर्ने।
- ठेक्का सम्झौताको व्यवस्थापनमा देखिएका समस्याहरु पहिचान गर्ने र पहिचान भएका समस्याहरुको निराकरणका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुलाई जिम्मेवार बनाउने।
- ठेक्का सम्झौता कार्यान्वियन गर्ने संस्था एवं अधिकारीलाई जिम्मेवार बनाई समयमा नै ठेक्का सम्झौता अनुसारको नतिजा प्राप्तिका लागि नीतिगत सुधार गर्न नेपाल सरकारलाई सुझाव दिने।

## मन्त्रालयगत विश्लेषण तथा देखिएका समस्याहरु

विभिन्न पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्ने मूख्य मूख्य विषयगत मन्त्रालयहरु जस्तै  भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, उर्जा, जलश्रोत तथा सिंचाई, खानेपानी, संघिय मामिला तथा सामान्य प्रशासन र संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अर्न्तगत विगतमा सञ्चालन भएका रुग्ण ठेक्का सम्झौताहरुका बारेमा सम्बन्धित मन्त्रालय/विभागबाट आयोगलाई उपलब्ध गराइएको विवरणका आधारमा देहाय बमोजिम विश्लेषण तथा समस्याहरु प्रस्तुत गरिएको छ।

### १) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

### क. सडक विभाग (DoR)

सडक विभागले आयोगलाई उपलब्ध गराएको २०७५ मंसिर सम्मको रुग्ण ठेक्का सम्बन्धी अध्यावधिक विवरण हेर्दा सडक विभाग अर्न्तगतका डिभिजन कार्यालयहरुबाट ठेक्का सम्झौता भई तोकिएको म्याद भित्र सम्पन्न नभई

रुग्ण अवस्थामा देखिएका जम्मा रु २० अर्ब ७६ करोडका ९०६ वटा ठेक्का सम्झौता मध्ये ६२३ वटा ठेक्का सम्झौता (६८.७६%) को म्याद थप भएको देखिएन र उक्त ठेक्का सम्झौताहरु सम्पन्न भएको पनि देखिएन। त्यस्ता ठेक्का सम्झौताहरु मध्ये, उदाहरणका लागि, रामपुर पाल्पामा निर्माणाधिन कालीगण्डकी पूल २०७१ असार २८ मा सम्पन्न गर्ने गरी २०६८ असार २६ मा ठेक्का सम्झौता भएको थियो। उक्त ठेक्काको २०७२ असार २४ सम्म म्याद थप गरिएको पाइयो, तत् पश्चात म्याद थप भएको देखिएन। उक्त ठेक्का सम्झौताको गत आ.व. ०७४/७५ सम्मको प्रगती हेर्दा ४०% को हाराहारीमा मात्र भौतिक प्रगती भएको देखियो।

**तालिका/चित्र १: सडक विभाग अर्न्तगतका रुग्ण ठेक्का सम्झौताहरु**

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु करोडमा) |
|---|---|---|---|
| १ | २०६४ | १ | १ |
| २ | २०६५ | १ | १ |
| ३ | २०६६ | ४ | १ |
| ४ | २०६७ | ३ | ४ |
| ५ | २०६८ | १३ | १४ |
| ६ | २०६९ | १७ | ४३ |
| ७ | २०७० | ५४ | ७४ |
| ८ | २०७१ | ५२ | ६९ |
| ९ | २०७२ | ६३ | १२१ |
| १० | २०७३ | १५८ | ३४२ |
| ११ | २०७४ | २९८ | ८६१ |
| १२ | २०७५ मंसिर मसान्त सम्म | २४२ | ५४७ |
| | **जम्मा** | **९०६** | **२०७६** |



## २) शहरी विकास मन्त्रालय

## क) शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC)

शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका विभिन्न कार्यालयहरुले २०६४/०६५ देखि २०७४/०७५ भित्र सम्पन्न गर्ने गरी विभिन्न जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकि र वर्थिङ सेन्टर लगायतका पूर्वाधार निर्माणका लागि भएका जम्मा रु. ६ अर्व ३० करोडका ४४२ वटा ठेक्का सम्झौताहरु मध्ये १७१ वटा (३८.६%) ठेक्काको म्याद थप भएको देखिएन साथै उक्त ठेक्का सम्झौताहरु सम्पनन्न भएको पनि देखिएन।

<u>तालिका/चित्र २: शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका रुग्ण ठेक्का सम्झौताहरु</u>

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु करोडमा) |
|---|---|---|---|
| १ | २०६४ | १ | ५ |
| २ | २०६६ | १ | १ |
| ३ | २०६७ | १ | १ |
| ४ | २०६८ | १८ | ३१ |
| ५ | २०६९ | १९ | ३३ |
| ६ | २०७० | २८ | ४५ |
| ७ | २०७१ | ५ | ११ |
| ८ | २०७२ | ३१ | ४४ |
| ९ | २०७३ | ८९ | १७९ |
| ० | २०७४ | ११४ | २२१ |
| ११ | २०७५ मंसिर मसान्त सम्म | १३५ | १२२ |
| | **जम्मा** | **४४२** | **६९२।५** |
| | | | |



## ३) उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

### क) जलस्रोत तथा सिंचाई विभाग (DOWRI)

जलश्रोत तथा सिंचाई विभाग अन्तर्गतका विभिन्न सिचाई आयोजनाहरुमा गरिएका जम्मा रु. १८ अरव ६६ करोडका २३५ वटा ठेक्का सझौताहरु पनि तोकिएको म्याद भित्र सम्पन्न भएको देखिएन। यी ठेक्का सम्झौताहरु मध्ये ९४ वटा (४०%) ठेक्का सम्झौताको म्याद थप भएको अवस्था देखिएन र सम्पन्न भएको पनि देखिएन।

**तालिका/चित्र ३: जलस्रोत तथा सिंचाई विभाग अन्तर्गतका रुग्ण ठेक्का सम्झौताहरु**

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु. करोडमा) |
|---|---|---|---|
| १ | २०६६ | २ | २ |
| २ | २०६७ | ४ | ३६ |
| ३ | २०६८ | ३ | १६८ |
| ४ | २०६९ | ५ | २ |
| ५ | २०७० | ९ | ३३ |
| ६ | २०७१ | ४ | २१६ |
| ७ | २०७२ | ८ | ५९ |
| ८ | २०७३ | २७ | २०४ |
| ९ | २०७४ | ३९ | २६१ |
| १० | २०७५ मंसिर मसान्त सम्म | १३४ | ८८५ |
| | **जम्मा** | **२३५** | **१८६६** |



## ख) नेपाल विद्युत प्राधिकरण (NEA)

नेपाल विद्युत प्राधिकरण र मातहतका कार्यालयहरुले आ.व ०६७।६८ देखी २०७५ मंसिर मसान्तसम्म सम्पन्न गर्नेगरी विभिन्न जलविद्युत आयोजना, Transmission line विस्तार जस्ता आयोजनाहरु निर्माणका लागि जम्मा रु. ३८ अर्व ४३ करोडका ९१ वटा ठेक्का सम्झौताहरु मध्ये ४५ वटा (४९.४५%) ठेक्काको म्याद थप भएको देखिएन र उक्त ठेक्का सम्झौताहरु सम्पन्न भएको पनि देखिएन।

**तालिका/चित्र ४: नेपाल विद्युत प्राधिकरण अर्न्तगतका रुग्ण ठेक्का सम्झौताहरु**

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु करोडमा) |
|---|---|---|---|
| १ | २०६८ | ३ | १७३ |
| २ | २०६९ | १ | ७६ |
| ३ | २०७० | १ | ७३ |
| ४ | २०७१ | ५ | १०५० |
| ५ | २०७२ | १३ | ६०१ |
| ६ | २०७३ | ९ | ३४ |
| ७ | २०७४ | ३८ | १३४७ |
| ८ | २०७५ मंसिर मसान्त सम्म | २१ | ४८९ |
| | **जम्मा** | **९१** | **३८४३** |



## ४) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

### १) नागरीक उड्डयन प्राधिकरण (CAAN)

नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका कार्यालयहरुले आ.व.०६९।७० देखि २०७५ मंसिर मसान्तसम्म सम्पन्न गर्नेगरी हवाइ उड्डयनसँग सम्बन्धित पूर्वाधार निर्माण गर्नका लागि भएको रु. ७ अर्व २७ करोडको ३७ वटा योजनाहरुको ठेक्का सम्झौता मध्ये छ वटा (१६.२१%) ठेक्काहरुको म्याद थप भएको देखिएन र उक्त ठेक्का सम्झौताहरु सम्पन्न भएको समेत देखिएन।

<u>तालिका/चित्र ५: नागरीक उड्डयन प्राधिकरण अन्तर्गतका रुग्ण ठेक्का सम्झौताहरु</u>

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु. करोडमा) |
|---|---|---|---|
| १ | २०७० | १ | २ |
| २ | २०७१ | १ | ४० |
| ३ | २०७३ | २ | २ |
| ४ | २०७४ | १४ | ६६३ |
| ५ | २०७५ मंसिर मसान्त सम्म | १९ | २० |
| | **जम्मा** | **३७** | **७२७** |
| | | | |



## ५) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

### क) नेपाल टेलिकम (NTC)

नेपाल टेलिकम र मातहतका कार्यालयहरुले आ.व ०६८।६९ देखी २०७५ मंसिर मसान्तसम्म सम्पन्न गर्नेगरी सूचना प्रविधि सम्बन्धी विविध पूर्वाधार निर्माण गर्नका लागि भएको जम्मा रु. १५ अर्ब ४६ करोडका २३ वटा योजनाहरुको ठेक्का सम्झौता मध्ये ८ वटा (३४.७८%) ठेक्काहरुको म्याद थप भएको देखिएन र उक्त ठेक्का सम्झौताहरु सम्पन्न भएको पनि देखिएन।

**तालिका/चित्र ६: नेपाल टेलिकम अन्तर्गतका रुग्ण ठेक्का सम्झौताहरु**

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु. करोडमा) |
|---|---|---|---|
| १ | २०६९ | १ | १७ |
| २ | २०७१ | २ | ११३० |
| ३ | २०७२ | १ | १० |
| ४ | २०७३ | ३ | २४ |
| ५ | २०७४ | ६ | ५० |
| ६ | २०७५ मंसिर मसान्त सम्म | १० | ३१५ |
| | **जम्मा** | **२३** | **१५४६** |



## ६) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### क) स्थानिय पुर्वाधार विभाग (DoLI)

स्थानीय पूर्वाधार विभागद्वारा सञ्चालित SNRTP/RCIP/SBD अन्तर्गतका आयोजनामा गरी जम्मा रु. ६ अर्व ६० करोडका ९७ वटा ठेक्का सम्झौताहरु मध्ये ७५ वटा (७७.३२% ठेक्का) ठेक्का सम्झौता अनुसारको अवधिमा निर्माण सम्पन्न पनि भएको छैन र म्याद थप पनि भएको देखिदैन।

तालिका/चित्र ७: स्थानिय पुर्वाधार विभाग अन्तर्गतका रुग्ण ठेक्का सम्झौताहरु

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु. करोडमा) |
|---|---|---|---|
| १ | २०७१ | २ | ५ |
| २ | २०७३ | ८ | ४८ |
| ३ | २०७४ | ६७ | ४३९ |
| ४ | २०७५ मंसिर मसान्त सम्म | २० | १६८ |
| | **जम्मा** | **९७** | **६६०** |




## ७) खानेपानी मन्त्रालय

### क) खानेपानी तथा ढल निकास विभाग (DWSS)

खानेपानी तथा ढल निकास विभागवाट प्राप्त कागजात/विवरणलाई हेर्दा विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुको पूर्वाधार निर्माण गर्न गरिएको जम्मा रु. ३ अर्व ९० करोड १७ वटा ठेक्का सम्झौताहरु तोकिएको

म्यादभित्र सम्पन्न भएको देखिएन। माथी उल्लेखित ठेक्का सम्झौताहरु मध्ये १० वटा (५९%) ठेक्का सम्झौताको म्याद थप पनि भएको देखिएन र सम्पन्न पनि भएको देखिएन।

**तालिका/चित्र ८: खानेपानी तथा ढल निकास विभाग अर्न्तगतका रुग्ण ठेक्का सम्झौताहरु**

| सि.नं. | ठेक्का सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने वर्ष | २०७५ मंसिर मसान्त सम्म सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्यामा) | ठेक्का सम्झौता रकम (रु. करोडमा) |
|---|---|---|---|
| १ | २०७३ | ३ | ४७ |
| २ | २०७४ | ४ | ७३ |
| ३ | २०७५ मंसिर मसान्त सम्म | १० | २७० |
| | **जम्मा** | **१७** | **३९०** |




## सबै क्षेत्रमा देखिएका समान प्रकृतिका समस्याहरु र विश्लेषण

पूर्वाधार विकाससंग सम्बन्धित ७ वटा मन्त्रालय अर्न्तगतका विभाग/प्राधिकरण/कम्पनी गरी ८ वटा निकायहरुले उपलब्ध गराएको कागजात/विवरण (तालिका/चित्र ९) अनुसार अध्ययन गरी हेर्दा रु.११८ अर्बका १,८४८ वटै ठेक्का सम्झौताहरु शुरु सम्झौता अवधि भित्र सम्पन्न भएको देखिएन। यी ठेक्का सम्झौताहरु मध्ये १०३२ वटा (५५.८४%) ठेक्का सम्झौताहरु म्याद थप भएको पनि देखिएन। ठेक्का सम्झौता पश्चात् ठेकेदारले ठेक्का सम्झौता

रकमको २०% सम्म पेश्कि लिने हुँदा माथी उल्लेख भएका ठेक्का सम्झौतामा रु.२४ अर्व जति पेश्किको रुपमा नेपाल सरकारको रकम ठेकेदारको नाममा गएको देखिन्छ। म्याद थप नभएको कारणले कानूनी रुपमा माथी उल्लेख गरिएका १०३२ वटा (५५.८४%) ठेक्का सम्झौताहरु निरन्तर भएको देखिएन, तसर्थ ठेक्का सम्झौताहरुको पेश्किका लागि सम्बन्धित निकायका नाममा जारी गरिएको रु.२३ अर्ब भन्दा बढीको अग्रिम भुक्तानी जमानत (Advance Payment Guarantee) को म्याद समेत सकिएको स्पष्ट देखिन आउँछ। त्यस्तै ठेक्का सम्झौताको अभिन्न अङ्गको रुपमा रहने कार्य सम्पादन जमानत (Performance Security) को म्याद पनि म्याद थप नभएका ठेक्का सम्झौताहरु संगै समाप्त भएको हुन सक्छ। ठेक्का सम्झौता रकमको कम्तीमा ५% ले हुन आउने कार्य सम्पादन जमानत वापतको रु.६ अर्ब जति रकम म्याद थप नभएको कारणले जोखिममा रहेको देखिन्छ। ठेक्का सम्झौता सम्पन्न नभई माथी उल्लेखित अवस्था सृजना हुँदा सर्वसाधारणको दैनिक जीवनमा एंव सामाजिक आर्थिक उन्नतिका लागि टेवा प्रदान गर्ने पूर्वाधारको समयमानै निर्माण हुन नसकेको कारणबाट राज्यलाई प्रत्यक्ष/अप्रत्यक्ष ठुलो क्षती पुग्न गएको सहजै अनुमान गर्न सकिन्छ।

**<u>तालिका/चित्र ९: विभिन्न मन्त्रालय अर्न्तगतका निर्माणसंग सम्बन्धित रुग्ण ठेक्काहरुको सारांस</u>**

| | | २०७५ मंसिर मसान्त सम्म | | (रु. करोडमा) | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | मन्त्रालय/विभाग | सम्पन्न नभएका ठेक्का सम्झौताहरु (संख्या) | सम्पन्न नभएका र म्याद थप समेत नभएका ठेक्का सम्झौताहरु (संख्या) | ठेक्का सम्झौता रकम | पेश्कि (२०%) | कार्यसम्पादन जमानत (५%) |
| १ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/सडक विभाग | ९०६ | ६२३ | २०७६ | ४१५ | १०४ |
| २ | शहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग | ४४२ | १७१ | ६९३ | १३९ | ३५ |
| ३ | ऊर्जा, जल स्रोत तथा सिंचाई मन्त्रालयज/लस्रोत तथा सिंचाई विभाग | २३५ | ९४ | १८६६ | ३७३ | ९३ |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/स्थानिय पुर्वाधार विभाग | ९७ | ७५ | ६६० | १३२ | ३३ |
| ५ | ऊर्जा, जल स्रोत तथा सिंचाई मन्त्रालय/नेपाल विद्धुत प्राधिकरण | ९१ | ४५ | ३८४३ | ७६९ | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/नागरीक उड्डयन प्राधिकरण | ३७ | ६ | ७२७ | १४५ | ३६ |
| ७ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/नेपाल टेलिकम | २३ | ८ | १५४६ | ३०९ | ७७ |
| ८ | खानेपानी मन्त्रालय/खानेपानी तथा ढल निकास विभाग | १७ | १० | ३९० | ७८ | २० |
| | **जम्मा** | **१८४८** | **१०३२** | **११८०१** | **२३६०** | **५९०** |




## समस्याहरु

१. ठेक्का सम्झौता कार्यान्वयन गर्ने निकायहरुले निर्माण व्यवसायी लामो समय सम्म हराएको वा सम्पर्कमा छैनन् भन्ने गरेको पाईन्छ। ठेक्का सम्झौताका शर्तनामामा Fundamental Breach of Contract अन्तर्गत प्रावधानहरु रहेका हुन्छन्। ति प्रावधानहरु सम्बन्धित ठेक्का सम्झौता गर्ने निकायलाई थाहा भएकै कुरा हुन। Breach of Contract संग सम्बन्धित एउटा उदाहारण उल्लेख गर्नु पर्दा कन्ट्रयाक्टरले आयोजना व्यवस्थापकले स्विकृत गरेको कार्ययोजना वेगर लगातार ३० दिन भन्दा बढी काम गरेको छैन भने त्यो Fundamental Breach of Contract हुन्छ। त्यस्तै, ठेक्का सम्झौताले निर्धारण गरे अनुसारको प्रगती ठेकेदारबाट तोकिएको समय भित्र हासिल भएन भने ठेकेदारले ठेक्का सम्झौता अनुसारका कामलाई Expedite गर्नु पर्ने हुन्छ। त्यस्ता कुराहरु सम्बन्धित कार्यालयले हेर्नुपर्ने हुन्छ तर हेरेको देखिएन। विना उद्देश्य कुनै पनि ठेक्का सम्झौता गरिएको हुदैन। दुवै पक्ष विचमा ठेक्का सम्झौता भएपछि सो को पालना दुवै पक्षले गर्नुपर्ने कानुनी मान्यता हो भन्ने पक्षलाई पनि विश्लेषणको रुपमा हेर्न सकिन्छ।

२. खरिदको पूर्व तयारी विना नै निर्माण कार्यको खरिद सम्झौता गरेको कारणले धेरै नै ठेक्काहरु अलपत्र परेको देखियो। एउटै ठेक्का सम्झौता कार्यान्वयन गर्न विभिन्न कारण देखाई कार्यालयले ८ पटक सम्म म्याद थप गरेको देखिएकोले ठेक्का अवधि निर्धारण मै त्रुटी र ठेक्का सम्झौताका शर्तहरुको पालनामा पनि लार्पवाही भएको स्पष्ट देखिन्छ।

३. ठेक्काको म्याद थप गर्दा म्याद थप गर्न मनासिव कारणहरु सहित पुष्टयाई गर्नुपर्ने हुन्छ। के कारणले ढिला हुन गएको छ, सो बारेमा सम्बन्धित कार्यालयले Delay Analysis गरेको हुनुपर्दछ। ठेक्का सम्झौताको समय विश्लेषण गरी हेर्दा नेपाल विद्युत प्राधिकरणको एउटा महत्वपूर्ण ठेक्का सम्झौताको ठेक्का अवधि साढे दुई वर्ष दिएकोमा कार्यालयले उक्त अवधि सकिए पछि सो को दुई गुणा अर्थात ५ वर्ष म्याद थप गरेको सम्म पाइयो, २ वर्ष ६ महिनामा सम्पन्न गर्ने उद्देश्यले गरिएका ठेक्का सम्झौता ७ वर्ष ६ महिनामा पनि सम्पन्न भएको देखिएन।

४. सार्वजनिक निर्माणका ठेक्का सम्झौताका शर्तहरुमा समयको पालना (Time Control), गुणस्तर नियन्त्रण (Quality Control), खर्च नियन्त्रण (Cost Control) र सम्झौताको अन्त (Finishing the Contract)का सम्बन्धमा स्पष्ट शर्तहरु रहेका हुन्छन् र सम्झौताको कार्यान्वयनमा दुवै पक्ष कार्यालय र ठेकेदारले खेल्नु पर्ने भूमिकाको बारेमा स्पष्ट पारिएको हुन्छ तर माथि उल्लेखित ठेक्का सम्झौता अनुसार पालना गर्नुपर्ने शर्तनामा कार्यान्वयन भएको देखिएन।

५. ९-१० वर्ष अघि देखि क्रमागत देखिएका ठेक्का सम्झौताहरु निष्क्रिय जस्तै रहेकोमा सो सम्पन्न गर्ने तथा कानूनी हिसावले टुङ्याउन तर्फ ठोस पहल भएको देखिएन।

६. कतिपय ठेक्का सम्झौतामा प्रगती नहुनुको मुख्य कारणमा एउटा निकायले अर्को निकायलाई समन्वय गर्नुको सट्टा दोष लगाएर पन्छिन खोजेको देखियो। उदाहरण- सडक विभागले मेलम्ची खानेपानी योजनालाई कारण देखाउनु र नेपाल टेलिकमले सडक विभागको कारणले उपलब्धि नभएको भनी देखाउनु।

७. रुग्ण ठेक्का सम्झौताको तुलनामा पूर्व निर्धारित क्षतीपुर्ती (Liquidated Damage) लगाएका ठेक्का सम्झौताहरु अत्यन्त न्यून देखियो।यसबाट पनि राज्यलाई करोडौंको नोक्सान भएको हुन सक्ने देखिन्छ।

८. ठेक्का सम्झौता भए पछि सम्बन्धित कार्यालयले सम्झौताका शर्तनामा अनुसारको जुन भूमिका निर्वाह गर्नु पर्ने हो जस्तै समयमै वजेटको उपलब्धता, ठेक्काको अनुगमन तथा सुपरिवेक्षण, समयको पालना, गुणस्तर र खर्चको नियन्त्रण र ठेक्का सम्झौता टुङ्याउन जे गर्नु पर्ने हो सो नगरी कार्यमा चरम लापरवाही भएको देखिन्छ।

९. सम्बन्धित मन्त्रालय/विभाग मार्फत लगाईएका ठेक्काहरुको प्रगती के कस्तो छ, कार्यान्वयनमा समस्या छन् छैनन्, वजेटको उपलब्धता, समयको पालना, गुणस्तर लगायत ठेक्कावाट हासील हुन पर्ने नतिजाको वारेमा सम्बन्धित मन्त्रालयहरुले अनुगमन गर्ने र जिम्मेवारी वहन गर्ने गरेको देखिएन। सो भएको भए यत्तीका ठेक्का सम्झौताहरु रुग्ण अवस्थामा पुग्ने स्थिति हुने थिएन।

१०.ठेक्का सम्झौता भएपछि सम्बन्धित ठेकेदारले पेश्कि (Advance) स्वरुप मोविलाइजेसनका लागि ठेक्काको २०% सम्म रकम लिन्छ तर सम्झौता अनुसारको काममा खर्च नगरी अधिकांश ठेकेदारले सो पेश्कि आफुलाई फाइदा हुने काममा प्रयोग गरेको देखिएको छ। उपभोक्ता/मेडियाको दवावमा काम गर्नु पर्ने अवस्था आएमा काम शुरु

गर्न खोज्दा केही न केही वहाना वनाएर, काम हुन नसकेको कारण देखाई क्षतीपूर्ती दावी गर्ने, साथै पछि काम गरिहाल्यो भने पनि मूल्य समायोजन दावी गरेको देखिएको छ। यस्ता क्रियाकलापले ठेक्का सम्झौता समयमै सम्पन्न भई जनताले सेवा लिन सक्ने अवस्था पनि रहेन भने सम्पन्न गर्न वढी समय लाग्नाले ठेक्का सम्झौता वापत चर्को मूल्य राज्यले व्यहोर्नु पर्ने स्थिति सृजना हुने देखिन्छ।

## आयोगको अपेक्षा

राज्यलाई अरवौंको आर्थिक दायित्व परिरहेको अवस्थामा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट वजेट तथा कार्यक्रम बनाउँदा क्रमागत ठेक्का सम्झौताहरु सम्पन्न गरी सेवा प्रवाह उपलब्ध गराउन तथा वित्तिय अनुशासनको पालना गराउनु पर्नेमा सो नभई आर्थिक अनुशासन पालना गर्ने गराउने दायित्व भएका निकायहरुलेनै विगतका वर्षहरुमा आर्थिक अनुशासन पालना गर्न ठोस नीति अपनाइएको देखिएन।

माथी उल्लेखित अवस्था दोहोरिन नदिन विकास वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि ठेक्का सम्झौता व्यवस्थापनसंग सम्बन्धित सबै मन्त्रालय/विभाग एवं कार्यालयलाई पूर्णरुपमा जिम्मेवार बनाउन जरुरी छ। कुनै एउटा निकायको एक्लैको प्रयासले मात्र हालको परिस्थितीमा सुधार हुने अवस्था देखिंदैन। तसर्थ वजेट व्यवस्थापनको माथिल्लो तहबाट नै आर्थिक अनुशासन पालना नगर्ने हो भने आर्थिक अनुशासनहीनता/दण्डहीनता घट्ने हैन बढ्दै जाने स्पष्ट देखिन्छ। साथै विकास निर्माणसँग सम्बन्धित ठेक्का सम्झौतामा अनुशासन कायम गर्ने कार्यमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय र सम्बन्धित मन्त्रालयलाई पूर्ण जिम्मेवार तथा जवाफदेही नबनाएसम्म पूर्वाधारको विकासमा फड्को मार्न सक्ने अवस्था नदेखिएकोले तत् तत् निकायहरुलाई जिम्मेवार एंव जवाफदेही बनाउन नेपाल सरकारले तत्कालै आवश्यक पहल गर्न अपरिहार्य देखिएको छ।

यस अतिरिक्त समयमा कार्य सम्पादन गर्न निर्माण व्यवसायीको आर्थिक, मानव संशाधन, प्राविधिक तथा भौतिक क्षमताको पक्षलाई मूल्याङ्कनको आधार बनाउने, म्याद थप तथा भेरिएसनको वस्तुपरक मापदण्ड र विधि निर्माण गर्ने जस्ता समग्र पक्ष समेटि सार्वजनिक खरिद ऐन र नियमावलीमा समय सापेक्ष परिमार्जन, बजेटको सुनिश्चितता, पूर्वाधार निर्माणको लागि आवश्यक तयारी पछिमात्र ठेक्का सम्झौता गर्ने पद्धतिको विकास, प्रभावकारी समन्वय तथा अनुगमन एवं सम्बद्ध पक्षको एकीकृत र समन्वयात्मक प्रयासबाट मात्र समृद्धिको लक्ष्य प्राप्तिमा सार्थक योगदान पुर्‍याउन सकिने विश्वास र अपेक्षा आयोगले राखेको छ।